# आदर्श कोतवाल गाउँपालिकाको आर्थिक ऐन, २०८२

## आदर्श कोतवाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना:- आदर्श कोतवाल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम आदर्श कोतवाल गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "आदर्श कोतवाल गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि आदर्श कोतवाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. भूमि (मालपोत) कर : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घर वहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

तपशिल

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
भूमि (मालपोत) करका दरहरु

| क्र.सं. | जग्गाको क्षेत्रफल/विवरण | दर (रु.) |
|---|---|---|
| १ | हुलाकी राजमार्ग तथा तामागढी सडकको दायाँबायाँ प्रति कठ्ठा | ३५/- |
| २ | अन्य सडकको दायाँबायाँ प्रति कठ्ठा | ३०/- |
| ३ | अन्य जग्गा तथा खेत प्रति कठ्ठा | २५/- |
| ४ | २०७३/७४ देखि २०८१/०८२ सम्मको बक्यौता प्रति कठ्ठा | हालको दर रेट अनुसार |
| ५ | २०७२/०७३ अघिको बक्यौता प्रति कठ्ठा (सबै प्रकारको जग्गा) | ५/- |
| नोटः- बक्यौतामा ५% जरिवाना लाग्ने छ । | | |

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
घर वहाल करका दरहरु

| क्र.सं. | घर वहाल कर/विवरण | दर (रु.) |
|---|---|---|
| १ | घर/सटर बहाल कर - प्रति महिना | १०% |
| २ | जग्गा बहाल कर (वर्कसप / उद्योग / व्यवसायिक जग्गा भाडा) - प्रति महिना | १.५% |
| ३ | सार्वजनिक जग्गा (बसपार्क / वर्कसप / उद्योग / व्यवसायिक जग्गा भाडा) प्रति वर्ग फिट न्यूनतम - वार्षिक | २/- |
| ४ | रुपौलिया पोखरी - प्रति वर्ष न्यूनतम | ३०००००/- |
| ५ | कोतवाली पोखरी - प्रति वर्ष न्यूनतम | ५००००/- |
| ६ | कोइलिडीह पोखरी - प्रति वर्ष न्यूनतम | ४००००/- |
| ७ | बतरा पोखरी - प्रति वर्ष न्यूनतम | २५०००/- |
| ८ | टहरा भवन शटर भाडा - प्रति महिना | १०००/- देखि १५००/- सम्म |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

व्यवसाय नविकरण दस्तुर

| क्र.सं. | व्यवसायको विवरण | दर (रु.) |
|---|---|---|
| १ | मदिरा पसल | १०००/- |
| २ | गरगहना पसल | १०००/- |
| ३ | इलेक्ट्रोनिक्स / इलेक्ट्रिकल पसल खुद्रा | १०००/- |
| ४ | हार्डवेयर पसल (छड / सिमेन्ट) | १०००/- |
| ५ | हार्डवेयर पसल | १०००/- |
| ६ | पलाईउड / सिसा / कार्पेट / फ्रेम पसल | १५००/- |
| ७ | पेट्रोलियम पदार्थ (पेट्रोल पम्प) | ५०००/- |
| ८ | खाद्यान्न / गोल्ला तथा किराना पसल | १०००/- |
| ९ | कपडा पसल | १०००/- |
| १० | तरकारी पसल थोक / फुटकर | ५००/- |
| ११ | साइकल, रिक्सा बिक्री | ५००/- |
| १२ | साइकल, रिक्सा मर्मत | ५००/- |
| १३ | मोटरसाइकल, ट्रेक्टर मर्मत ग्यारेज | १०००/- |
| १४ | इट्टा उद्योग, बिक्री डिपो ब्लक, रिङ्ग | ७०००/- |
| १५ | निर्माण व्यवसाय गाउँपालिकामा कार्यालय भएको | १०००/- |
| १६ | सः मिल फर्निचर उद्योग | १०००/- |
| १७ | होटल तथा रेस्टुरेन्ट व्यवसाय | १०००/- |
| १८ | मिठाई तथा नास्ता पसल, साना होटल | १०००/- |
| १९ | इलेक्ट्रीसियन तथा फोटोकपी पसल | १०००/- |
| २० | प्रशारण गृह रेडियो, केवल नेटवर्क | २०००/- |
| २१ | वाणिज्य बैंक | २५०००/- |
| २२ | विकास बैंक | २००००/- |
| २३ | फाइनान्स कम्पनी तथा वित्तीय संस्था | १५०००/- |
| २४ | विदेशी मुद्र सटही काउन्टर, मनि ट्रान्सफर | १००००/- |
| २५ | सहकारी बैंक | १००००/- |
| २६ | गैर सरकारी अस्पताल | ३०००/- |
| २७ | क्लिनिक होम तथा औषधि पसल | १५००/- |
| २८ | औषधि पसल | १०००/- |

| क्र.सं . | व्यवसायको विवरण | दर (रु.) |
|---|---|---|
| २९ | जुत्ता पसल | ५००/- |
| ३० | टेलर्स | ५००/- |
| ३१ | सैलून | ५००/- |
| ३२ | ब्यूटी पार्लर | ५००/- |
| ३३ | फोटो स्टुडियो | ५००/- |
| ३४ | साइनबोर्ड, पेन्टिङ्ग सेवा | ५००/- |
| ३५ | स्टील, काठ, फर्निचर विक्रेता | ५००/- |
| ३६ | ट्रान्सपोर्ट ढुवानी | ५००/- |
| ३७ | मासु पसल (वधसाला) | १०००/- |
| ३८ | एग्रोभेट पसल (विउ विजन) | १०००/- |
| ३९ | भाडा पसल | ५००/- |
| ४० | टायर मर्मत, हावा हाल्ने | २००/- |
| ४१ | रिक्सा, ठेला दर्ता कर | १००/- |
| ४२ | अटो रिक्सा दर्ता कर | ३००/- |
| ४३ | बचत तथा ऋण सहकारी संस्था | २०००/- |
| ४४ | बहुउदेशीय सहकारी संस्था | ५०००/- |
| ४५ | कृषि सहकारी संस्था | ५०००/- |
| ४६ | पुस्तक तथा स्टेसनरी पसल | १०००/- |
| ४७ | फैन्सी पसल | १०००/- |
| ४८ | टेन्ट हाउस | १५००/- |
| ४९ | ग्यास सिलिन्डर बिक्री | १५००/- |
| ५० | कुखुरा पालन व्यवसाय | १०००/- |
| ५१ | पशुपालन व्यवसाय | १०००/- |
| ५२ | फलफूल व्यवसाय | ५००/- |
| ५३ | पिठो मिल | १०००/- |
| ५४ | राइस मिल | १०००/- |
| ५५ | मा.वि. स्तर स्कूल निजी विधालय | २५०००/- |
| ५६ | नि.मा.वि. स्तर स्कूल निजी विधालय | १५०००/- |
| ५७ | प्रा.वि. स्तर स्कूल निजी विधालय | १००००/- |
| ५८ | कक्षा थप/अपग्रेड दस्तुर प्रति कक्षा | १०००/- |

## अनुसूची-४
(दफा ५ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | कवाडी पसल | २०००/- |

## अनुसूची-५
(दफा ६ सँग सम्बन्धित)

विज्ञापन करका दरहरु

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | प्रति होर्डिङ्ग वोर्ड | ५००/- |
| २ | प्रति पर्खालमा पेन्टिङ्ग | १०००/- |

## अनुसूची-६
(दफा ७ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | रुपौलिया बजार | ५००००/- |
| २ | हरनहिया बजार | ५००००/- |
| ३ | पटेर्वा वजार | १०००००/- |
| ४ | चिउँटाहा बजार | ४००००/- |
| ५ | कोतवाली वजार | १०००००/- |
| ६ | टेढाकट्टी बजार | ३००००/- |

## अनुसूची-७

(दफा ८ सँग सम्बन्धित)

सेवा शुल्क, दस्तुर

| क्र.सं. | सेवाको विवरण | दर (रु.) |
|---|---|---|
| १ | प्रति घटना दर्ता ३५ दिन पछि | संघीय सरकारको नियमानुसार |
| २ | अमिन दस्तुर | १५००/- |
| ३ | ट्रेक्टर प्रति दिन (तेल बाहेक) | १५००/- |
| ४ | ब्याकहो लोडर प्रति घण्टा-तेल बाहेक | १२००/- |
| ५ | घर नक्सा पास तथा निर्माण अनुमति दरखास्त फारम दस्तुर | ५००/- |
| ६ | घर नाक्सा पास प्रति- sq. ft. (भुई तल्ला) | ३/- |
| ७ | घर नाक्सा पास प्रति- sq. ft. (प्रथम तल्ला) | २.५/- |
| ८ | घर नाक्सा पास प्रति - sq. ft. (प्रथम तल्ला भन्दा माथि) | २/- |
| ९ | घर नाक्सा पास प्रति - sq. ft. (बाउण्ड्री वाल) | १/- |
| १० | विभिन्न संघ संस्था दर्ता प्रमाणपत्र | ३०००/- |
| ११ | व्यवसाय दर्ता प्रमाण पत्र दस्तुर | ३०००/- |
| १२ | 'घ' वर्गका निर्माण व्यवसाय इजाजत प्रमाण पत्र | ३०००/- |
| १३ | 'घ' वर्गका निर्माण व्यवसाय इजाजत प्रमाण पत्र नविकरण दस्तुर – प्रति वर्ष | १०००/- |
| १४ | 'घ' वर्गका निर्माण व्यवसाय इजाजत प्रमाण पत्र नविकरण दस्तुर – ५ वर्ष | ३०००/- |
| १५ | कपाली तमसुक प्रमाणित शुल्क | २००/- |
| १६ | सम्पति मुल्याँकन शुल्क | २००/- |
| १७ | घर बाटो प्रमाणित शुल्क | २००/- |
| १८ | चार किल्ला प्रमाणित शुल्क | २००/- |
| १९ | न्यायिक दस्तुर | १००/- |
| २० | कृषि मिटर दस्तुर | १००/- |
| २१ | विभिन्न संघ संस्था दर्ता प्रमाणपत्र नविकरण दस्तुर – प्रति वर्ष | ५००/- |
| २२ | पानी ट्यांकरको प्रति दिन भाडा (तेल बाहेक) | ५००/- |

**नोट:** यसमा उल्लेखित शिर्षक बाहेकका दररेट स्थानिय राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार राजश्व दररेट कायम गरिनेछ ।